बागलुङ नगरपालिकाको आ.व. २०७२÷२०७३ को लागि १९ औं नगरपरिषदको नीति कार्यक्रम र बजेट बक्तव्य

जगन्नाथ लामिछाने

प्रमुख एवं कार्यकारी अधिकृत

बागलुङ नगरपालिका कार्यालय, बागलुङ

उन्नाईसौं नगरपरिषदको निर्णय सार्वजनिकिकरण समारोहका श्रद्धेय प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यु, अन्य अतिथिज्युहरु, राजनैतिक दलका प्रमुख एवं प्रतिनिधिज्यूहरु, छिमेकी वेनी नगरपालिका र कुश्मा नगरपालिकाका प्रमुख एवं कार्यकारी अधिकृत ज्यूहरु, एकीकृत योजना तर्जुमा समितिका सदस्य ज्यूहरु, जेष्ठ नागरिक, महिला, दलित, जनजाति, वालवालिका, फरक क्षमता, मुश्लीम समुदायका प्रतिनिधि ज्यूहरु, बागलुङ उद्योग बाणिज्य संघका अध्यक्ष ज्यू, पत्रकार महासंघका अध्यक्ष ज्यू, विषयगत कार्यालय तथा विभिन्न संघ संस्थाका प्रमुख एवं प्रतिनिधि ज्यूहरु, नागरिक समाजका प्रतिनिधि ज्यू, पत्रकार एवं सञ्चारकर्मीज्यूहरु र नगरवासी दाजुभाई तथा दिदी बहिनीहरु,

आजको यस शुभ घडिमा सर्बप्रथमः वागलुङ नगरपालिकाको उन्नाईसौ नगरपरिषदबाट आगामी आर्थिक बर्ष २०७२÷२०७३ को बजेट, नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्त खुशी लागेको छ । यस अवसरमा देश र जनताका लागि जीवन वलिदान दिने ज्ञात अज्ञात शहीदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु साथै यस नगरपालिकाको १९ औं नगरपरिषद सार्वजनिकीकरण कार्यक्रममा उपस्थित हुनुभएका प्रमुख अतिथिज्यू लगाएत सम्पूर्ण अतिथि ज्यूहरुलाई बागलुङ नगरपालिकाको तर्फबाट हार्दिक स्वागत गर्दछु ।

विकेन्द्रीकरणको माध्यमद्धारा सार्वभौमसत्ता सम्पन्न जनतालाई आफ्नो क्षेत्रको विकासका लागि साधन श्रोत सम्पन्न बनाई विकासको प्रतिफल सन्तुलित र समानुपातिक ढंगबाट पु¥याउनु नै स्थानीय स्वायत्त शासनको उद्धेश्य हो । त्यसै अनुरुप गठन भएका स्थानीय निकायहरुमा विगत लामो समय देखि निर्वाचन नभएको र यस्ता निकायहरु निर्वाचित जनप्रतिनिधि विहिन अवस्थामा कर्मचारीहरुद्धारा नै संचालन गर्न पर्ने विशेष अवस्थालाई अवसर र चुुनौतीका रुपमा लिई नगरवासीहरुको सर्वोपरी हितमा हामी राष्ट्रसेवक कर्मचारीहरुवाट नगरवासीका असीमित आवश्यकतालाई उपलव्ध सीमित श्रोत तथा साधनको समुचित संयोजन गरी सन्तुलित विकासको अवधारणा मुताविक आगामी आर्थिक वर्ष २०७२÷२०७३ को बजेट, नीति तथा कार्यक्रमहरु १९ औं नगरपरिषदबाट स्वीकृत भै आज सार्वजनिकीकरण हुन गै राखेको छ ।

नगरपालिकाको आफ्नो आन्तरिक आय तथा नेपाल सरकारबाट प्राप्त स्रोतलाई नगरक्षेत्रको बिकासमा अधिकतम उपयोग गर्न स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ ले ब्यबस्था गरे अनुरुप विभिन्न मितिमा नगरस्तरीय एकीकृत योजना तर्जुमा सल्लाहकार समिति तथा नगर क्षेत्रमा क्रियाशिल राजनैतिक दलका प्रमुख एवं प्रतिनिधिज्यूहरुसंगको छलफल र परामर्श पश्चात यो बजेट तथा कार्यक्रम तयार गरिएको छ । यसवाट नगरका सम्पुर्ण आवश्यकतालाई समेट्न नसकिए पनि उपलव्ध श्रोत साधनका आधारमा यथासम्भव सन्तुलन मिलाईएको छ भन्ने कुरामा बिश्वस्त छु । वागलुङ नगरको आ.व. २०७२।२०७३ को आय व्यय तथा योजना कार्यक्रम छनौटमा प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग पु¥याउनु हुने राजनैतिक दलका प्रमुखज्यूहरु, राजनीतिक दलबाट तोकिएका प्रतिनिधिज्यूहरु, महिला, वालवालिका, दलित, जनजाति, मुस्लिम, फरक क्षमता भएकाहरु, जेष्ठ नागरिक र उद्योग वाणिज्य संघका प्रतिनिधिहरु, नगर स्तरीय राजश्व परामर्श समितिका सदस्यज्यूहरु, नगरवासी दाजुभाई तथा दिदीवहिनीहरु, संचार जगतका मित्रहरु, सम्पूर्ण उद्योगी

व्यवसायीहरु, सरकारी तथा गैरसरकारी संघसंस्थाहरु, नागरिक समाज एवं समाजसेवी, बुद्धिजीविहरु लगायत सवै सरोकारवालाहरु, सवै नगरवासी दाजुभाई तथा दिदीबहिनीहरु, तथा नगरपालिका कार्यालयका सहकर्मी साथीहरु प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

आदरणीय प्रमुख अतिथि ज्यू लगायत सम्पूर्ण महानुभावहरु, राष्ट्रिय विकासको दृष्टिकोणले वागलुङ नगर क्षेत्र पुर्व पश्चिम जोड्ने मध्यपहाडी लोकमार्ग तथा उत्तर दक्षिण जोड्ने कालीगण्डकी करिडोरको त्चबलकष्त एयष्लत मा पर्ने भएकोले पनि यसको व्यापारिक तथा पर्यटकीय महत्व रहेको छ । त्यसलाई समेत मध्यनजर यस नगरलाई “मध्यपहाडी व्यापारिक तथा पर्यटकीय शहर सुन्दर सम्वृद्ध संस्कृतिक वागलुङ नगर” को रुपमा विकास गर्ने दीर्घकालीन सोच तय गरिसकेको अवस्थामा नगर विकासका समग्र योजना तथा कार्यक्रमहरु दीर्घकालीन सोच अनुसार कै लक्ष्य प्राप्ती तर्पm उन्मुख हुनुपर्ने तथ्यलाई आत्मसात गरिएको छ । तथापी वर्तमान अवस्थामा उपलब्ध सीमित श्रोत साधनको कारणबाट तत्काल उल्लेखनिय लगानी गर्न सकिएको छैन । यसै पृष्ठभुमिमा विगतन देखिको प्रयासका बावजुत नगरले हाँसील गनेका केहि महत्वपूर्ण उपलब्धीहरुलाई यहाँ उल्लेख गर्न चाहन्छु ।

१. बागलुङ नगरको आर्थिक सामाजिक विकासको प्रमुख पूर्वाधारको रुपमा रहेको मौजुदा सडक ( नगरचक्रपथ) को स्तरोन्नती तथा शहीद स्मृती पार्कको स्तरोन्नती गरी व्यवस्थापन गर्ने कार्य शहरी शासकीय क्षमता तथा विकास कार्यक्रम, उदीयमान शहर परियोजना मार्फत तीब्र गतिमा अगाडि बढनु ग्रामीण क्षेत्रमा बसोवास गर्ने आम नागरिकको आर्थिक तथा सामाजिक विकासमा कोसे ढुंगा सावित हुने कुरामा दुई मत छैन । विश्व बैंकको ऋृण तथा नेपाल सरकारको अनुदानमा संचालित यस परियोजना मार्फत हाल नगरचक्रपथको ८ कि.मी. सडक स्तरोन्नती सहित कालोपत्रे हुँदैछ । तर यस परियोजना अगाडि बढिरहेको अवस्थामा आयोजनाहरुको गुणस्तर मापदण्ड कायम गरी दिगो विकास हासिल गर्न सरोकार निकायहरु लगायत स्थानीय नागरिकहरुबाट निरन्तर अनुगमन निगरानी गरी रहने स्थानीय संयन्त्र निर्माण गरी सुझाव समन्वय र सहयोग गर्नु पर्ने आवश्यकता पनि बढेको छ ।

२. लामो समयको प्रयास पछि बागलुङ नगरपालिका वडा नं. ११ मा बृहत आधुनिक बसपार्क निर्माण गर्नको लागि बागलुङ नगरपालिका र दावगरा जग्गा विकास तथा व्यवस्थापन समिति वीच निःशुल्क रुपमा १७.५ रोपनी जग्गा प्राप्ती हुने गरी मिति २०७१।०९।२२ मा सम्झौता भै सकेको छ । यस कार्यले नगरवासीको लामो समय सम्मको चिन्ता र चासोमा खुशीयाली छाएको छ । आगामी दिनमा सम्झौता बमोजिम न.पा. को स्वामित्वमा जग्गा प्राप्त भएपछि यथाशिघ्र आधुनिक बृहत बसपार्क निर्माणको लागि गुरुयोजना तयार गरी नगर विकास कोष, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, शहरी विकास मन्त्रालय, शहरी शासकीय क्षमता तथा विकास कार्यक्रम, आयोजना समन्वय कार्यालय, जापान सहयोग नियोग (जाईका) लगायतका दातृ निकायसंग समन्वय गरी बसपार्क निर्माण कार्य अगाडि बढाईने छ ।

३. बा.न.पा. वडा नं. १ स्थित खेलमैदानमा अव्यवस्थित तवरले बसोवास गरिरहेका लोपउन्मुख जातीको रुपमा परिचित माझीवस्ती व्यवस्थापनको लागि नगरविकास कोष लगायतका अन्य निकायहरुको सहयोगमा व्यवस्थित वसोवासको लागि बजेट सहितको कार्यक्रम अगाडि बढाइएको छ ।

४. स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम अन्तर्गत हाल ४ वटा वडामा मात्र सामाजिक परिचालनका कार्य लागु भएकोमा यसै आ.व. देखि नगरका सबै वडाहरुमा सामाजिक परिचालन कार्यक्रम स्वीकृत भै प्रकृया अगाडि बढेको छ । नगरका हरेक वडामा वडा नागरिक मंच, नागरिक सचेतना केन्द्र स्थापना गरी सामाजिक परिचालन मार्फत विपन्न तथा पछि परेका आम नागरिकलाई सशक्तिकरण मार्फत विकासका प्रतिफलको पँहुचसम्म पु¥याउन यस कार्यक्रमले महत्वपूर्ण भुमिका निर्वाह गर्ने कुरामा विश्वस्त दिलाउन चाहन्छु ।

५. हालसम्म धौलागिरी अंञ्चलमा एउटा पनि दमकल नभएको अवस्थामा बागलुङ नगरपालिकाले दमकल खरिद गरी सकेको छ निकट भविश्यमै सरोकारवाला सहितको बैठकबाट दमकल संचालनको कार्यविधि तयार गरी संचालनको व्यवस्था मिलाईने छ ।

उपस्थित महानुभावहरु, नगरलाई सभ्य, सुन्दर र सुविधा सम्पन्न बनाउनु आम नागरिक, राजनैतिक दल, उपभोक्ता समिति, नागरिक समाज, पत्रकार, महिला बुद्धिजिवी शिक्षक समाजसेवी कर्मचारी सवैको साझा कर्तव्य हो तसर्थ यहाँहरुको अमुल्य सुझावलाई आत्मसाथ गर्दै विगतमा गरेका राम्रा प्रयासहरुलाई संस्थागत गर्दै आगामी दिनमा नगर विकासको गतिलाई तिव्रता दिनु पर्ने महशुस गरी आगामी आर्थिक वर्षको लागि निम्न नीति तथा कार्यक्रमहरु अगाडि सारेको छु ।

१. लाभ, लागत र दायित्व समेतलाई मध्येनजर गरी बागलुङ नगरक्षेत्रमा फोहरमैला लगायत अन्य नीजि क्षेत्रसंग सार्वजनिक नीजि साझेदारी पद्धती मार्फत गर्न सकिने कार्यक्रमहरुको पहिचान र समन्वयकारी भुमिका निर्वाह गर्न सार्वजनिक नीजि क्षेत्र प्रवद्र्धन समिति गठन गरी अगाडि बढने नीति अवलम्वन गरिएको छ ।

२. वालमैत्री स्थानीय शासन सम्बन्धी राष्ट्रिय रणनीति २०६८ र बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि २०६८ बमोजिम आगामी आर्थिक वर्ष भित्र वागलुङ नगरलाई वालमैत्री नगर घोषणा गर्नको लागि आवश्यक नीति, कार्यक्रम र बजेट तर्जुमा सहित बाल विकास विषेश कोषको स्थापना गरी विभिन्न सरोकार निकायहरुसंगको समन्वय र सहकार्यमा विशेष अभियान संचालन गरिनेछ ।

३. नगरक्षेत्र भित्रको कृषि तथा औधोगिक उपज क्षेत्रको पहिचान गरी स्थान विशेष विशिष्ट उत्पादनको सम्भावनालाई अध्ययन गरी एक नगर एक उत्पादनको अवधारणा को अवधारणा अनुरुप यस नगरको पहिचानको रुपमा एक वस्तु विकास गरी उत्पादन तथा विक्री गर्ने नीति अवलम्वन गरिने छ । साथै नगरवासीलाई स्वच्छ र ताजा तरकारीको उपलब्धताको लागि घर बगैंचा तथा कौशी तरकारीको कार्यक्रमलाई अगाडि बढाईनेछ ।

४. गरिवीको रेखामुनि रहेका आम नगरवासीलाई गरिवीको स्तरबाट माथि उठाउने गरी विभिन्न प्रकारका स्वरोजगारका तालीम मार्फत सीप तथा क्षमता विकास कार्यक्रम संचालन गर्दै लगिनेछ । साथै शहरी गरिवी न्यूनीकरण कोषको माध्यमबाट विपन्न वर्गका व्यक्तिहरुलाई सहुलियतपूर्ण व्याजदरमा व्यवसायीक कर्जा उपलब्ध गराउने कार्यलाई विस्तार गरी अझै प्रभावकारी ढंगबाट अगाडि बढाईनेछ

६. लक्षित वर्ग तर्फ नगर क्षेत्र भित्र रहेका महिला, बालवालिका, दलित, जनजाति, जेष्ठ नागरिक, अल्पसंख्यक, मुस्लीम,अपाङ्ग, पछाडि पारिएका वर्गहरुको हक अधिकारलाई सुनिश्चीत गर्दै सशक्तिकरणको माध्यमबाट नगरको हरेक विकास योजना तथा कार्यक्रममा उनीहरुको अर्थपूर्ण सहभागितालाई बढाउदै लगिने छ ।

७. बागलुङ नगरलाई स्वच्छ, सफा नगरको रुपमा विकास गर्न तथा बागलुङ नगरलाई हरियाली नगर बनाउनको लागि सडकको किनारामा वृक्षारोपण कार्यक्रमलाई विभिन्न संघसंस्था तथा नीजि क्षेत्रको सहकार्यमा अगाडि बढाईने छ साथै सरसफाई तथा फोहरमैला व्यवस्थापनमा नीजि क्षेत्रको संलग्नता हुने गरी सार्वजनिक नीजि साझेदारी मार्फत वर्षको एक पटक स्वंय सेवी रुपमा सरसफाई सप्ताह घोषणा गरी सफा सहर बागलुङ नगरको विशेष अभियान संचालन गरी वातावरण मैत्री नगर बनाउने तर्फ विशेष कार्यक्रम संचालन गरिनेछ ।

८. शिक्षामा सवैको अधिकारलाई सुनिश्चित गर्नको लागि वाल विकास केन्द्र व्यवस्थापन, विद्यालय भवन निर्माण, पुस्तकालय प्रवद्र्धन, साक्षरता अभियान जस्ता विशेष कार्यक्रम अगाडि बढाईएको छ । यसै गरी कला, संस्कृति तथा पर्यटन विकासको सम्भावना वोकेको क्षेत्रहरु कालिका भगवती, मालिका भगवती, कालिगण्डकी, पंचकोट जस्ता क्षेत्रहरुको अध्ययन गरी तिनको संरक्षण, मर्मत सम्भार प्रवर्धनको लागि विभिन्न कार्यक्रम संचालनको व्यवस्था गरिनेछ । यस्तै गरी नगर क्षेत्र भित्र भ्यू टावर, होम स्टे जस्ता कार्यक्रम संचालन गरी सँस्कृति तथा पर्यटन विकासमा टेवा पु¥याउने नीति अवलम्वन गरिएको छ । साथै पछिल्लो समयमा बागलुङ नगरको मात्र नभै समग्र पश्चिमाञ्चल क्षेत्रको पहिचान झल्काउने गरी धार्मीक पर्यटनको सम्भावना बोकेको सर्वसिद्धिधामको धार्मिक पर्यटन प्रवद्र्धनको लागि भौतिक पूर्वाधार विकास गर्न विषेश कार्यक्रम सहित वजेटको व्यवस्था गर्ने नीति अवलम्वन गरिएको छ ।

९. नगरको आन्तरिक आयवृद्धि गरी आर्थिक रुपमा नगरलाई मजबुद गराउनको लागि राजश्व परामर्श समितिको सुझावहरु कार्यान्वयन गर्दै करका नयाँ दायराहरुको खोजी गरिनेछ । करदाता नगरवासीलाई करशिक्षाद्धारा प्रशिक्षित गरी कर तिर्ने वानीको विकास गराई नगर विकासमा करको महत्व बुझाई करमा

जनताको सहभागिता भन्ने अवधारणाको शुरुवात गरिनेछ । राजश्व असुलि तथा वृद्धिको लागि अन्तर निकाय समन्वय र सहकार्यलाई आम्तसाथ गर्दै विगत वर्षबाट लागू गरिएको एकीकृत सम्पत्तिकरलाई थप संस्थागत गर्ने नीति अवलम्वन गरिएको छ ।

१०. भुकम्प प्रतिरोधि घर निर्माणमा जोड दिई भवन निर्माण सम्वन्धमा राष्ट्रिय भवन निर्माण संहिता २०६० र भवन निर्माण सम्वन्धी मापदण्ड २०७१ समेतलाई मध्यनजर गरी छुट्टै निर्देशिका जारी गरी लागु गरिने छ साथै भवन तथा सडक मापदण्डलाई कडाईका साथ लागू गर्नका लागि छुट्टै संरचनाको प्रयोग गरी चोक सुधार कार्यक्रमलाई अगाडि बढाईने छ ।

११. बागलुङ नगरक्षेत्रको उद्योग तथा व्यापार व्यवसायको विकास, विस्तार र प्रवर्धन गर्ने र व्यवसायीक सुरक्षा प्रदान गर्न उद्योग बाणिज्य संघसंग सहकार्य गरी बजारका प्रमुख चोकहरुमा ऋ।ऋ। क्यामेरा जडानको कार्यलाई कार्यान्वयन गर्न बजेटको व्यवस्था गरिएको छ ।

१२. नगरवासी तथा सेवाग्राहीलाई छिटो छरितो र चुस्त ढंगबाट सेवा प्रवाह गरी शुसासन र पारदर्शिता हाँसील गर्न नियमित रुपमा हरेक चौमासीकमा सार्वजनिक सुनुवाई, पत्राकार भेटघाट र सामाजिक परीक्षण, नोटिस बोर्ड र क्ःक् जस्ता कार्यक्रम संचालन गरिनेछ ।

१३. नगरवासीको दैनिक सेवासंग प्रत्यक्ष सरोकार राख्ने सम्पूर्ण कार्यालयहरु भन्दा नगरपालिका टाढा रहेकोले वृद्ध, वृद्धा, असत्त, अपाङ्गलाई नगरपालिका कार्यालयसम्म पुगि सेवा लिन असाध्यै कठीन भएकोले आम नागरिकको मागलाई सम्मान गर्दै, एकीकृत योजना तर्जुमा समितिको राय सुझावको आधारमा जेष्ठ नागरिक, असाय, अपाङ्गबर्ग लाई लक्षित गरी नगरपालिकाले बागलुङ बजारमा सेवा केन्द्र स्थापना गरी सोहि सेवा केन्द्रमार्फत अत्यावश्यक सेवा संचालन गर्ने कार्यको सुरुवात गर्ने नीति लिएको छ ।

१४. बागलुङ बजारका सडक चोकहरुमा अव्यवस्थीत रुपमा रहेका विद्युत, टेलिफोन पोल तथा तारहरु र केवलका तारहरुलाई व्यवस्थित गरी बजारलाई शुन्दर र सुरक्षित बनाउन साथै नगर क्षेत्र भित्र रहेका जीर्ण विद्युत

पोललाई विस्थापित गरी नयाँ पोल राख्ने कार्यका लागि सरोकारवाला निकायसंगको सहकार्यमा कार्यक्रम संचालन गरिनेछ ।

१५. यस पूर्व नै बागलुङ नगरलाई कालो प्लास्टिक मुक्त नगर घोषण गरी सकेकोमा निश्चित मापदण्ड भित्रका सवै प्रकारका प्लास्टिकलाई निषेध गर्नको लागि उद्योग बाणिज्य संघ लगायतका सरोकारवालाहरुसंग समन्वय गरी प्रभावकारी कार्यक्रम अगाडि बढाईनेछ ।

श्रद्धेय नगरवासी दाजुभाई तथा दिदी  बहिनीहरु,

अव म विगत आ.व. ०७०÷०७१ र ०७१÷०७२ यर्थात तथा संशोधित आय व्ययको विवरण सहित आगामी आ.व. २०७२÷०७३ का लागि अनुमानीत आय व्यय विवरण तथा कार्यक्रमहरु संक्षेपमा प्रस्तुत गर्न चाहन्छु । आगामी आ.व. को लागि योजना तथा कार्यक्रमहरु तयार गर्दा नेपालको अन्तरिम संविधान, सहश्राव्दी विकास लक्ष, स्थानीय स्वायत्त शासन ऐन तथा नियमावली, संघय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट प्राप्तन मार्गदर्शन, स्थानीय निकाय श्रोत परिचालन कार्यविधि, नगरको शहरी गरिवी न्युनीकरण तथा सामाजिक समावेशी रणनीति, नगरको आवधिक योजनाले अंगिकार गरेका पक्षहरु, वडा भेलावाट माग भै आएका योजना तथा कार्यक्रम समेतलाई मध्येनजर गरी तर्जुमा गरिएको छ ।

आ.व. २०७०|२०७१ को यर्थात आय तथा व्ययको संक्षिप्त विवरण

आय व्यय

सि.नं. विवरण रकम विवरण रकम

१. आन्तरिक आय ज्ञ,घज्ञ,टछ,ढघद्ध।ण्ण् चालु खर्च ज्ञ,ठछ,डढ,डज्ञण्।ण्ण्

२. केन्द्रिय अनुदान घ,घठ,द्धछ,ण्ण्ण्।ण्ण् पूजीगत खर्च ट,द्धट,द्दघ,ठद्धढ।ण्ण्

३. बाह्रय आय छ,ण्ढ,द्दट,ढज्ञद्ध।ण्ण् बाँकी मौज्यात ज्ञ,छट,द्दद्ध,द्दडठ।ण्ण्

जम्मा ढ,ठड,घठ,डद्धठ।ण्ण् जम्मा ढ,ठड,घठ,डद्धठ।ण्ण्

आ.व. २०७१÷२०७२ को संशोधित अनुमानित आय तथा व्ययको संक्षिप्त विवरण

आय व्यय

सि.नं. विवरण अनुमानित संसोधित विवरण अनुमानित संसोधित

१. आन्तरिक आय ज्ञ,ण्ढ,ण्ण्,ण्ण्ण्|ण्ण् ज्ञ,द्धड,ण्ण्,ण्ण्ण्|ण्ण् चालु खर्च ज्ञ,द्धछ,घट,ण्घज्ञ|ण्ण् ज्ञ,ठठ,ढद्ध,घण्द्ध|ण्ण्

२. केन्द्रिय अनुदान घ,घड,घठ,ण्ण्ण्|ण्ण् घ,ण्ण्,टज्ञ,ण्ण्ण्|ण्ण् पूजीगत खर्च छ,घज्ञ,द्दठ,ण्ण्ण्|ण्ण्
ज्ञड,छढ,ज्ञड,ढढछ|ण्ण्

३. बाहृय आय द्द,द्दढ,द्दट,ण्घज्ञ|ण्ण् ज्ञछ,डड,छद्द,द्दढढ|ण्ण्

जम्मा ट,ठट,टघ,ण्घज्ञ|ण्ण् द्दण्,घठ,ज्ञघ,द्दढढ|ण्ण् जम्मा ट,ठट,टघ,ण्घज्ञ|ण्ण् द्दण्,घठ,ज्ञघ,द्दढढ|ण्ण्

आ.व. २०७२÷०७३ को अनुमानित आय तथा व्ययको संक्षिप्त विवरण

आय व्यय

सि.नं. विवरण रकम विवरण रकम

१. आन्तरिक आय ३,८१,१५,००० चालु खर्च ज्ञ,डण्,घद्ध,छण्ण्|ण्ण्

२. बाह्रय श्रोत ७,३९,८८,००० पूजीगत खर्च ढ,द्धण्,टड,छण्ण्।ण्ण्

जम्मा ञञ,द्द ञ,ण्घ,ण्ण्ण्।ण्ण् जम्मा ञञ,द्द ञ,ण्घ,ण्ण्ण्।ण्ण्

उल्लेखित नीति, कार्यक्रम र योजना तथा प्रशासनिक खर्च समेतलाई मध्यनजर गरी आगामी आ.व. ०७२÷०७३ को लागि कुल ११,२१,०३,०००।– को बजेट विनियोजन गरिएको छ । जसमध्ये चालु तर्फ रु १,८०,३४,५००।– (१६.०९ प्रतिशत) र पूँजीगत तर्फ रु ९,४०,६८,५००।– (८३.९१ प्रतिशत) रहेको छ । पँुजिगत तर्फको कुल बजेटमध्ये लक्षित वर्ग तर्फ ८०,८१,०००।– प्रवद्र्धनात्मक कार्यक्रम तर्फ रु २७,०१,०००।– आर्थिक तथा सामाजिक पूर्वाधार विकास कार्यक्रम तर्फ रु. ५३,८०,०००।– र भौतिक पूर्वाधार निर्माण तर्फ रु ७,३७,९३,४००।– गरी क्षेत्रगत विनियोजनको व्यवस्था मिलाईएको छ । भौतिक पूर्वाधारमा उदीयमान शहरी परियोजना मौजुदा सडक स्तरोन्नती रु २,५५,५८,०००।–, जगेडा कोष कार्यक्रममा रु. ३,००,००,०००।–, सडक बोर्ड कार्यक्रममा ४२,९०,०००।– र बाँकी वडा स्तरीय योजनामा रु १,३९,४५,४००।– बजेट व्यवस्था मिलाईएको छ । यसै गरी चालु तर्फको कुल बजेट मध्ये कर्मचारी तलव भत्ता रु. १,३०,७३,०००।– कार्यालय संचालन तर्फ रु.४९,६१,५००।– नगर सरसफाई तर्फ ४४,००,०००।– सामाजिक परिचालन तर्फ ७७,९४,१००।– बजेटको व्यवस्था गरिएको छ । उल्लेखित बजेटमा आन्तरिक आम्दानी बाट रु. ३,८१,१५,०००।– (३४ प्रतिशत) र बाह्रय श्रोतबाट रु ७,३९,८८,०००।– (६६ प्रतिशत) योगदान रहने छ । जसलाई निम्न बमोजिम क्षेत्रगत बाँडफाँडबाट प्रष्ट पार्न चाहन्छु ।

आय व्यय

आन्तरिक श्रोत तर्फ चालु तर्फ

शिर्षक रकम शिर्षक रकम

नगरपालिका आन्तरिक आय १,३८,९१,९००।– तलव भत्ता समेत कार्यालय संचालन १,८०,३४,५००।–

उपभोक्ता समिति लागत सहभागिता १,३२,५०,०००।– पुँजिगत २,१७,२६,४००।–

राजश्व बाँडफाड मालपोत ६०,००,०००।– जगेडा ३,००,००,०००।–

राजश्व बाँडफाँड जिविस ८,००,०००।– सडक बोर्ड ४२,९०,०००।–

वडा कार्यालय १,२३,०००।– नगर सरसफाई फोहर व्यवस्थापन ४४,००,०००।–

शहरी गरिवी न्यूनीकरण कोष ४०,५०,०००।– स्थानीय शासन तथा सामुुदायिक विकास कार्यक्रम ३१,२०,१००।–

नगरपालिका अनुदान १,०४,७१,०००।– शहरी स्वास्थ्य व्यवस्थापन ६,२४,०००।–

स्थानीय विकास शुल्क

कोष ९५,५०,०००।– सामजिक परिचालन ३,००,०००।–

जगेडा कोष १,८०,००,०००।– उदयमान शहर परियोजना २,५५,५८,०००।–

सडक बोर्ड ३०,००,०००।– शहरी गरिवी न्यूनीकरण कोष ४०,५०,०००।–

शहरी स्वास्थ्य व्यवस्थापन ६,२४,०००।–

स्थानीय शासन तथा सामुुदायिक विकास कार्यक्रम ३१,२०,१००।–

शहरी शासकीय क्षमता तथा विकास कार्यक्रम १,००,४१,०००।–

उदयमान शहर परियोजना त्म्ँ १,९१,८२,००।–

जम्मा ११,२१,०३,०००।– ११,२१,०३,०००।–

अन्तमा, बार्षिक कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्ने सिलसिलामा सल्लाह, सुझाव दिनु हुने राजनैतिक दलका प्रमुख एवंं प्रतिनिधिज्यूहरु, एकीकृत योजना तर्जुमा सल्लाहकार समितिका सदस्यहरु, केन्द्रीय निकायहरु, दातृ निकायहरु, जिल्ला स्थित सरकारी तथा गैरसरकारी निकायहरु प्रति हार्दिक धन्यवाद सहित आभार व्यक्त गर्दछु । नगरपालिकाको समग्र काम कारवाहीमा हरतरहले सहयोग पु¥याउनु हुने सम्पुर्ण नागरिक समाज, टोल विकास संस्थाहरु, सम्पूर्ण सञ्चार क्षेत्र, नगरवासी दाजुभाई तथा दिदीबहिनीहरु र नगरपालिका कार्यालयका सहकर्मी साथीहरु प्रति हार्दिक धन्यबाद र कृतज्ञता ज्ञापन गर्न चाहन्छु । नगरवासीहरुलाई बिभिन्न खाले सेवा सुविधा

उपलब्ध गराउने हाम्रो प्रयासमा सधैं झै आगामी बर्षमा पनि नगरवासीहरुबाट सक्रिय साथ र सहयोग प्राप्त हुनेछ भन्ने बिश्वास लिएको छु ।

धन्यवाद । जय बागलुङ कालिका

............................

(जगन्नाथ लामिछाने)

प्रमुख एवं कार्यकारी अधिकृत

सम्वत् २०७१ साल पौष २९ गते मंगलवार